कुष्टरोग उन्मुलन गर्न अभियान

औजार संवाददाता

पाँचथर । उत्तरी पाँचथरको याङवरक गाउँपालिकालाई कुष्टरोग बिहीन गाउँपालिका बनाउन अभियान सुरु भएको छ। देशमै पहिलो पटक गाउँपालिकाले त्यस्तो अभियान सुरु गरेको गाउँपालिकाका प्रमुख प्रसासकीय अधिकृत प्रबिनहाङ योङहाङले जानकारी दिए।

अभियान अन्तरगत पहिलो चरणामा गाउँपालिकाका सबै वडामा सचेतना मुलक कार्यक्रमहरु सञ्चालन भइरहेका छन। समाबेसी बिकास प्रबर्धन तथा कुष्टरोग बिहीन गाउँपालिका अभियानकै रुपमा सञ्चालन भइरहेको अभियानका फोकल पर्सन गणेश खतिवडाले जानकारी दिए। एन एल आर नामक गैर सरकारी संस्थाको सहयोगमा गाउँपालिकाले अभियान सुरु गरेको हो। यो बर्ष मात्रै गाउँपालिकाले उक्त अभियानका लागि १ लाख ५० हजार रुपैँया खर्च गर्दैछ। त्यस बाहेक साझेदार संस्थाका तर्फबाट समेत सहयोग हुने भएकाले अभियानका लागि करिब ५ लाख रुपैँया खर्च अनुमान गरिएको खतिवडाले जानकरी दिए।

अभियानको पहिलो चरणमा अहिले सबै वडाहरुका जनप्रतिनिधि सहित सरोकारवालाहरुलाई अभियान बारे जानकारी दिने काम भइरहेको छ। यस अघि पालिका तहमा पनि सोही अनुसारको कार्यक्रम भएको थियो। यो आर्थिक बर्ष भरमा कार्यक्रम पुरा गर्ने गाउँपालिकाको लक्ष्य छ। कुष्टरोग मुक्त क्षेत्र घोषणा गर्ने मापदण्ड पुरा गर्न आफुहरुले अभियान थालेको प्रमुख प्रशासकीय अधिकृत प्रबिनहाङ योङहाङले बताए। पहिला मापदण्ड पुरा गर्ने त्यस पछि घोषणा गर्ने तयारी अनुसार काम भइरहेको छ। उनले भने-यो देशमा नमुना हो। याङवरक गाउँपालिका यस अघि नै पुर्ण साक्षर गाउँपालिका हो। खुल्ला दिशामुक्त क्षेत्र सहितका घोषणा यस अघि नै भइसकेका छन।

गएको दश बर्ष देखी गाउँपालिकामा कुष्टरोगका संक्रमित भेटिएका छैनन। अभियानका क्रममा कोही फेला परे उनीहरुलाई औषधी खुवाउने गाउँपालिकाको तयारी छ।

एकमहिनापछि सुरु भयो उर्लाबारीको सेवा

औजार संवाददाता

विराटनगर । मेयर उपमेयरबीचको विवादका कारण अवरुद्ध भएको उर्लाबारी नगरपालिकाको सेवा एक महिनापछि सुरु भएको छ। संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको हस्तक्षेपछि सेवा सुरु भएको हो।

एक महिनादेखि अवरुध भएको काम सुचारु गर्न बिहीबार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्देशन दिएको थियो। सोमबार बसेको नगर कार्यपालिका बैठकले मंगलबारबाट सेवा सुचारु गर्ने निर्णय भएको नगरपालिका प्रमुख खड्ग फागोले जानकारी दिए। उनका अनुसार सोमबारबाट केही स्थानमा सेवा सुचारु भएको थियो। उच्च अदालत विराटनगरले

उच्च अदालतले गत साउन २७ गते नगरसभाको निर्णय कार्यन्यव नगर्न आदेश जारी गरेको थियो।

चौथो नगरसभाको निर्णय तत्काल कार्यान्यन नगर्न आदेश दिएपछि गत साउन २९ गतेबाट नगरपालिकाले दस्तुर लिएर दिने सेवा रोकिएको थियो। बिहीबार मन्त्रीस्तर निर्णय गर्दै तेस्रो नगरसभाका आधारमा काम सूचारु गर्न पत्र पठाएपछि सेवा सुचारु गर्ने निर्णय भएको प्रमुख फागोले बताए। गत असार २९ गते उर्लाबारी नगरपालिकाको चौथो नगरसभा भएको थियो। १९ जना कार्यपालिका सदस्य रहेको नगरमा मेयर खड्ग फागोसहित नेपाली कांग्रेसका ६ जना सदस्यले निर्णय गरि चौथो नगरसभा डाकेका थिए। कोरम नपुगी नगरसभा डाकेको दाबि गर्दै उपप्रमुख सहित १३ जना कार्यपालिका सदस्यले उच्च अदालत विराटनगरमा रिट दायर गरेका थिए। उच्च अदालतले गत साउन २७ गते नगरसभाको निर्णय कार्यन्यव नगर्न आदेश जारी गरेको थियो। अदालतमा मुद्दा बिचाराधिन भएको अवस्थामा गत आर्थिक वर्ष २०७५-७६ को तेस्रो नगरसभाको निर्णयका आधारमा दैनिक सेवा सुचारु भएपनि विकास निर्माणका काम भने अघि बढ्ने छैनन्। अदालतबाट मुद्दा किनारा नलागेसम्म विकास निर्माणको काम अघि नबढ्ने फागोले जानकारी दिए।

'ढाका'ले चिनिएकी शान्तादेवी

मनु मगर (साम्पाङ)

पथरी । मोरङको पथरीशनिश्चरे नगरपालिका वडा नं. १ यलम्बर टोल निवासी हुन् शान्तादेबी बेघा। उनी आफ्नो मनकामना ढाका उद्योग सञ्चालनसँगै उीन एक कुशल गृहिणी पनी हुन् उनले ढाका बुनाइलाई २०५१ सालदेखी निरन्तरता दिदै आइरहेकीछीन्।

सुरुमा टोपी मात्र थुप्रै बुनिरहँदा उनलाई अरु पनि विभिन्न खाले पोशाक तयार पार्न पाए हुने थियो भन्ने मनमा लागी रहन्थ्यो। उनले दमकमा रहेको हस्तकला केन्द्रबाट प्रमाण-पत्र लिन सफलभए पछी आफुले सिकेको सिप अरुलाई निःशुल्क बाँड्न थालिन्। उनले त्यो बेलादेखी अहिलेसम्म तालीम दिदै आइरहेकी छन्। तालिममा कसरी सुरुवात गरिन्छ, बुन्नको लागी तान कसरी लगाइन्छ, यसलाई चाहिने सामग्री के-के हुन्, कसरी बुट्टाको डिजाइन उतार्ने जस्ता आवश्यक कुराहरुलाई उनले सिकाउदै आएकी छन्। वरपर छिमेकमा पनि सिक्न रहर गर्नेहरुलाई उनले सिकाउछिन्। उनलाई यस काममा छोरी रुपाले पनि सघाउने गरेको बताउँछिन्। उनी भन्छिन् -'छिमेकी गाँउ ऐयाबारी, मङलबारे, कृतीपुर, जाँते, टाँडीका धेरै जनालाई मैले सिप सिकाए, धेरैले त बिचमा छोडे। तर निरन्तरता दिनेले भने प्रगती गरीरहेका छन्, यो देख्दा मलाई साह्रै खुसी लाग्छ।' तालीम दिदा पैसा भन्दा सेवा बढी दिएको उनले बताइन्। गत जेठ महिनामा लालीगुराँस महिला विकास, मिक्लाजुङ गाउँपालीकाको २० दिने व्यवसायीक घरेलु तालीममा सफलतापूर्वक प्रशिक्षण दिएर प्रमाण पत्र पाएकोमा गौरव महसुस भएको बताउँछिन्।

ढाकाको टोपीबाट सिपको सुरुवात भएपनी अहिलेको आधुनिकीकरणमा ढाकाको हेण्ड ब्याग, पर्स, झोला, चप्पल, चोली, कुर्था, जामा, सारी-चोलो, ज्याकेट, स्टाकोट, टोपी, चौबन्दी, गलबन्दी आदी सबैखाले पोशाक उनले तयार गर्छिन्। आजभोली जुनसुकै कार्यक्रम भोज, पार्टी, बिवाहमा यस्ता पहिरन देख्न पाइन्छ। गर्मि जाडो सबै मौसममा मिल्दोजुल्दो यो पोशाकलाई आफैले रोजेर आ-आफ्नै मन जस्तो बिभिन्न बुट्टा डिजाइनमा बुनेर लगाउने गरेका छन्।

हरियाली वन समुहबाट पत्रकार सम्मानित

औजार संवाददाता

विराटनगर । वन संरक्षण र पर्यटन प्रबर्द्धनमा समाचार लेख्ने पत्रकारहरु अर्जुन जम्नेली राई र मोहन भट्टराई सहित दश जना सम्मानित भएका छन्।

मोरङको पथरीशनिश्चरे नगर स्थित हरियाली सामुदायिक वन उपभोक्ता समूहले आफ्नौ १४ औं वार्षिक साधारण सभाको अवसरमा दुई पत्रकारसहित १० जनालाई सम्मान गरेको हो। पत्रकार जम्नेली र भट्टराई मोरङको ग्रामिण क्षेत्रमा बसेर बिभिन्न संचारमाध्यम मार्फत डेढ दशकदेखी निरन्तर सक्रय पत्रकारिता गर्दै आइरहेका छन्। नेपालको २२ हजार सामुदायिक बनहरु मध्येबाट आर्थिक बर्ष २०७५/०७६ मा हरियाली समुह वन मन्त्रालयबाट गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कारबाट पुरस्कृत भएको थियो।

सोही कार्यक्रम हरियाली वनले १०३ बर्षिय जेष्ठ उपभोक्ता मोहन ध्वज जवेगु, ८८ बर्षिय मायालक्ष्मी थुलुङ, पूर्व अध्यक्ष हरिलाल अधिकारी सहित टोल प्रमुखहरु गजेन्द्र राई, पञ्चमाया राई, कृष्ण गेलाल, धनप्रसाद मगर, बसन्त मगरलाई पनि सम्मान गरेको थियो। हरियालीले निम्न वर्गीय उपभोक्ताहरु देउमाया लिम्बू, लक्ष्मी विश्वकर्मा, धनमाया गुरुङ लगायत ३० जनालाई खाट, नरबहादुर चौहान र रामकुमार राईलाई घर निर्माण

गरेर उपहार स्वरुप प्रदान गरेको छ। सामुदायिक वन समित अध्यक्ष काबुलबहादुर मगर, पथरीशनिश्चरे नगरका प्रमुख दिलिपकुमार राई, डिभिजन वन कार्यालय मोरङका प्रमुख विशाल घिमिरे, सामुदायिक वन उपभोक्ता महासंघको १ नम्बर प्रदेश सचिव अग्नि पौडेल नगरको ७ नम्बर वडा अध्यक्ष कपिलमणी ढकाल लगायतेले हरियाली बन देशकै उत्कृष्ट बन्न सफल भएकोमा शुभकामना दिए।

धरानमा सुबिधा सम्पन्न SUZUKI सोरुम
सबै मोटरसाइकल, स्कुटरको स्पेयर पार्टस् सस्तो मूल्यमा उपलब्ध छ।
सुबिधा सम्पन्न सर्भिस सेन्टर धरानमा
१) आफ्नो खोजेको कलरको मोटरसाइकल, स्कुटर सजिलै खरिद गर्न सकिने।
२) प्रत्येक मोटरसाइकल वा स्कुटरमा ५ वर्षको वारेन्टी भएको।
३) प्रत्येक मोटरसाइकल वा स्कुटरमा आकर्षक उपहार।
४) सरल रूपमा फाइनान्सको सुबिधा।
५) प्रत्येक मोटरसाइकल वा स्कुटरमा अत्याधिक माइलेज भएको।
६) प्रत्येक दिन एस्चेन्जको सुबिधा।
नवदुर्गा अटोप्यालेस
धरान-८, भोटेपुल
सम्पर्क नं: ०२५-५३२३०२
९८५२०४९५०८, ९८४२०६४४९५

८, ९ र १० फेल सिधै
SLC (SEE)
Education / Humanities / Managment
गृहिणीको लागी वैदेशिक रोजगारमा गई पढाई छुटेकालाई।
घरमा नै बसिबसि पढ्न मिल्ने परीक्षा दिन मात्र आउँदा हुने।
सानो उमेरमा बिहे गरी पढाई छुटेकालाई।
British Army./ Indian Army/ NepalArmy
Singapore Police/Nepal Police
सशस्त्र लगायत जागिर खाइ पढाइ छुटेकालाई।
TERESA EDUCATION ACADEMY
DHARAN-7, BUDDHA MARGA
Contact No. 9852049963, 9814325703

पथरी फ्रेश
जूस सेन्टर एण्ड रेस्टुरेन्ट
(नामै काफी छ)
भने जस्तै सबैखाले रसिलो फ्रेश जुस, पेय पदार्थ साथै सेकुवा विभिन्न खाजा नास्ता र स्वादिष्ट चिकेन तन्दुरीको लागी सम्झिनुहोला।
मोरङ हस्पिटल अगाडी, पथरी बजार, मोरङ
प्रो. पुर्ण फागो
सम्पर्क नं.: ९८२३४२४५५०

हेल्लो महासय, हजुरलाई भोक प्यास लागेको भए यता यता
प्रो. मोतिराज सुब्बा ९८१९३९२६५२
पथरी किचन फाष्टफुड
पथरी बजार

यहाँ म:म:, चाउमिन, सेफाली, फ्राई राईस, ससेस, चिकेन करी, चिकेन रोष्ट, चिकेन ललिपपका साथै अन्य परिकार अर्डर अनुसार तयार गरिन्छ।
नोटः होम डेलिभरीको पनि सुविधा रहेको छ।

प्रो. शान्तादेबी बेघा
मनकामना ढाका उद्योग
पथरी यलम्बर चौक-१, मोरङ

ढाकाको कुर्था, जामा, सारी चोलो, टोपी, ज्याकेट, चौबन्दी, गलबन्दी बिभिन्न बुट्टा डिजाइनमा अर्डर अनुसार कारखानामै छानेर पाउनुहुनेछ।
नोट : यहाँ तान पनि लगाइन्छ।
सम्पर्क नं.
९८१६३२८८८४, ०२१-५५५०१७

टेम्केमैयुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, अन्नपूर्ण भोजपुर
प्रदेश नम्बर १

गिटी, ढुंगा, वालुवा संकलन तथा बिक्रि गर्ने सम्वन्धी सिलवन्दी दरभाउपत्र आव्हानको १५ दिने सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः- २०७६/०५/३१

टेम्केमैयुङ गाउँपालिकाले तपसिलमा उल्लेखित नदि नाला तथा खानीको गिटी, ढुंगा तथा वालुवा संकलन तथा विक्रि गर्न न्यूनतम अंकमा नघटने गरी आ. व. २०७६/०७७ को लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यवसायी , कम्पनी तथा फर्महरुबाट नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धिकर (VAT) दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. दर्ता प्रमाण पत्र (PAN), फर्म वा कम्पनीहरुबाट आ. व. २०७४/०७५ सम्मको कर चुक्ता प्रमाण पत्रहरुका प्रतिलिपी पेश गरी निम्न बमोजिम रित पुर्युयाइ ठेक्काको लागि तपसिलमा उल्लेखित मिति, समय र स्थानमा निम्न बमोजिमका स्थानहरुबाट गिटी, ढुंगा, रोडा तथा वालुवा संकलन र विक्रि गर्न सिलवन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरीएको छ।

तपसिल

ठेक्का न.	संकलन केन्द्र वा खानी को नाम	फारम शुल्क रु.	न्युनतम रकम रु. (भ्याट बाहेक)
१/आय/टेम्के/०७६/०७७	पिखुवा खोला सेतिबगर, हिङ्गखुवा खोला, याङटाङ खोला, वाचिम्ले खोला र खुङ्रे खोला क्षेत्र	१,०००/-	५,१२,९६२.५६
२/आय/टेम्के/०७६/०७७	गोगने खोला, सिक्तेल खोला दोभान पिखुवा, सिरुवानि खोला र राउते खोला क्षेत्र	१,०००/-	५,८६,८४१.८१

शर्तहरुः-

१. सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा माथि उल्लेख भए बमोजिमको दस्तुर तिरी आफूले चाहेको ठेक्काको दरभाउपत्र फाराम टेम्केमैयुङ गाउँपालिकाबाट कार्यालय समय भित्र खरिद गर्नु पर्ने छ। १६ दिनको १२:०० बजे भित्र आफूले कवोल गरेको कुल ठेक्का रकमको ३ प्रतिशतले हुन आउने रकम यस कार्यालयको **माछापुच्छे बैकमा** रहेको धरौटी **खाता नं. ९३०१५२४६७५७५५०४५** मा दाखिला गरेको सक्कलै भौचर वा नेपाल राष्ट्रबैंकवाट मान्यता प्राप्त (क) श्रेणीको बैकवाट ७५ दिनको म्याद भएको विडवण्ड राखी दरभाउपत्र दर्ता गराउनु पर्नेछ।

२. दरभाउपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। दरभाउपत्रमा केरमेट भएमा केरमेट भएको स्थानमा स्पष्ट हस्ताक्षर गरेको हुनुपर्नेछ। दाखिला भएको दरभाउपत्र १६ औं दिनको २:०० बजे टेम्केमैयुङ गाउँपालिकाको कार्यालयमा खोलिनेछ। वोलपत्र दाखिला कर्ता वा निजको प्रतिनिधी उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

३. दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा दरभाउपत्र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ।

४. दरभाउपत्र स्वीकृत भए पछि पहिलो किस्ता रकम पचास प्रतिशत र बाँकी पचास प्रतिशत नगदै वा २०७७ असोज सम्मको बैंक ग्यारेन्टी पेश गर्नुपर्ने छ। साथै कवोल गरेको रकम एकमूष्ट बुझाएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम छुट दिन सकिने छ। तोकीएको समयमा सम्झौता नगरेमा दरभाउपत्र कर्ताको धरौटी रकम वा बैंक ग्यारेन्टी फिर्ता गरिनेछैन।

५. नियमानुसार चाहीने सम्पूर्ण शुल्क, कर, दस्तुर, आयकर तथा मूल्य अभिविद्धि कर ठेकेदार आफैले गाउँपालिकामा बुझाउनु पर्ने छ। आफुले कवोल गरेको रकमबाट कटाउन पाउने छनै। शर्त सहीत पेश गरेको, रित नपुगी वा म्याद नाघी आएको, न्यूनतम रकम भन्दा घटी कवोल गरेको, कालो सूचीमा परेको र यस कार्यालयबाट प्रमाणित गरी बिक्री नगरेको दरभाउपत्र फर्मलाई मान्यता दिइने छैन।

६. कर दस्तुर उठाउन ३/३ प्रति वाला रसिद ठेकेदार आफैले छपाउनु पर्नेछ। रसिद गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाई, रसिद नम्वर दाखिला गरी माग फारम भरेर कार्यालयबाट बुझिलिनु पर्नेछ। कवोल गरेको रकम कुनै वन्द, हडताल, नाकावन्दी, चक्काजाम जस्ता अप्रत्यासीत घटना वा अन्य कुनै पनि कारण देखाई आममाफी, छुट वा मिनाहा गरीने छैन। ढुंगा, गिटी, वालुवा संकल तथा उत्खन्न गर्दा पुर्ववत अवस्थामा कुनै असर परे सो को निर्माण ठेकेदार आफैले आफ्नै लगानीमा पुरा गर्नुपर्नेछ।

७. ठेक्का सम्वन्धी कुनै विवाद भएका प्रचलित कानूनको परिधी भित्र रहि टेम्केमैयुङ गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ। साथै कुनै ठेक्का पूर्ण वा आंसीक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा रहेको छ। गाउँपालिकाले तोकेको दर रेट भन्दा बढीमा कर, दस्तुर तथा महशुल लिन पाइने छैन। प्रचलित कानूनले निषेध गरीएको, अदालतबाट कुनै निर्णय गरिएको अवस्थामा सोही निर्णयको पालना गर्नु पर्ने छ। सो निर्णय कानून अनुसार हुने छ।

८. यस सूचनामा उल्लेख गरिएको वाहेक कुनै कुरा छुटन गएको अवस्थामा प्रदेश कानून तथा गाउँपालिकाको नियम बमोजिम हुनेछ। बाँकी कुनै कुराहरु अन्य प्रचलित कानून अनुसार हुनेछ। गाउँपालिकाले तोकेको स्थानमा संकलन केन्द्र राखी कर तथा शुल्क संकलन गर्नु पर्ने छ। सवारी साधनलाई अवरोध गर्न पाईने छैन।

९. यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ। यस दरभाउपत्र सम्बन्धी सूचना यस कार्यालयको वेवसाइट www.tyamkemaiyummun.gov.np मा हेर्न सकिनेछ। थप जानकारीको लागी प्राविधिक शाखाको मेबाईल नं. **९८०१६०८७२२** र **९८००९७२६६५** मा बुझ्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत
टेम्केमैयुङगाउापालिका, अन्नपूर्ण भोजपुर

राशिफल

लेखकः ज्यो. प्रदीप शर्मा (वास्तुशास्त्री)
फोनः ०२५-५३१०६३,
मो.: ९८४२१९९९९९, ९८०४१९८९१२
चण्डेश्वरी ज्योतिष/वास्तु अनुसन्धान परामर्श केन्द्र, धरान-१०, पुतलीलाइन

मेषः भाग्य सप्रिएर आएकोले गर्न लागेको काम सजिलै पूरा हुनेछ। धन, सम्पत्ति बढ्ने, प्रेमीजन तथा आफन्तसँग रमाइलोसँग दिन वित्नेछ।

वृषः भाग्यले धोका दिनाले आम्दानी भन्दा खर्चमा बृद्धि हुने, अप्रिय समाचार प्राप्त हुने, शत्रु र झन्झट आइपर्लान।

मिथुनः धनकी देवी नै दाहिने भएकीले सोंचेभन्दा पनि बढी धन सम्पत्ति, नयाँ सामान तथा उपहार प्राप्त र व्यापार व्यवसाय बढ्नेछ।

कर्कटः कार्यक्षेत्रमा पूर्ण सफलता हुने दिन छ। धन, सम्पत्ति तथा ईज्जत प्रतिष्ठामा वृद्धि र विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ।

सिंह : भाग्योदय हुने दिन छ। सरकारी काम बन्ने, धन तथा उपहार प्राप्ती र धार्मिक कार्यमा सरिक भइनेछ।

कन्याः प्रतिकूल असर भएकोले खुट्टा तान्न र विवाद गर्न खोज्ने मानिस सक्रिय हुनेछन्। स्वास्थ्य खराब र यात्रा असफल होला।

तुलाः आयमा वृद्धि, सोंचेको काम बन्ने, परिवार तथा प्रियसीसँग मनोरञ्जनपूर्ण दिन वित्नेछ।

वृश्चिकः शत्रु र विवाद गर्न खोज्नेले धुलो चाट्नेछन्। धन सम्पत्ति वृद्धि र आफन्तको सहयोग मिल्नेछ।

धनुः विद्या, वृद्धि र सोच्ने शक्ति बढ्नेछ। सन्तान र साथीहरुले साथ दिने, आयमा वृद्धि र शुभ समाचार मिल्ने योग छ।

मकरः समयले साथ नदिनाले खर्च र विवाद बढ्ने, आफ्नै मान्छे पनि शत्रु बन्न खोज्नेछन्। मानसिक अशान्ति बढ्नेछ।

कुम्भः जोश, जाँगर र पराक्रम बढ्ने, अरुलाई प्रभावित गर्न सकिने, धन सम्पत्ति र व्यापार व्यवसाय पनि बढ्नेछ।

मीनः समय मध्यम खालको छ। खर्च बढेपनि आम्दानी पनि बढ्नेछ। आफन्तसँग भेट, सतर्क नरहेमा धन, सम्पत्तिको नोक्सानी पनि हुन सक्नेछ।